सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

**आदेश**

०७८-WO-०६६०, ०७८-WO-०६६१, ०७८-WO-०६६२, ०७८-WO-०६६३, ०७८-WO-०७७३, ०७८-WO-०७७४, ०७८-WO-०७७५, ०७८-WO-०८३९, ०७८-WO-०८४०, ०७८-WO-०८४१, ०७८-WO-०८४२, ०७८-WO-०८९४, ०७८-WO-०९६६, ०७८-WO-०९६७, ०७८-WO-०९६८, ०७८-WO-११५०, ०७८-WO-११५१, ०७८-WO-११५२, ०७८-WO-१२६२, ०७८-WO-१२६३, ०७८-WO-१२६४, ०७९-WO-०१३१, ०७९-WO-०१३२, ०७९-WO-०१३९, ०७९-WO-०१९१, ०७९-WO-०१९२, ०७९-WO-०१९३, ०७९-WO-०२७१, ०७९-WO-०२७२, ०७९-WO-०२७३, ०७९-WO-०३८१, ०७९-WO-०३८२, ०७९-WO-०३८३, ०७९-WO-०३८४, ०७९-WO-०४४१, ०७९-WO-०४४२, ०७९-WO-०४४३, ०७९-WO-०५५७, ०७९-WO-०५५८, ०७९-FN-०४१५, ०७९-FN-०४६०, ०७९-FN-०४९६, ०७९-FN-०५१३

प्रेमीलाल प्रसाद चौधरी समेत ------------------------------------------------------------------ निवेदक

**विरुद्ध**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं समेत ------------------ विपक्षी

मुद्दाः उत्प्रेषण समेत।

मिति २०७९।१०।१६ र १७ गते सुनुवाईको लागि एकैसाथ पेश भै आज निर्णय सुनाउन राखिएका माथि उल्लिखित विभिन्न नम्वरका निवेदनहरुमा निवेदकहरु श्री श्रवण कुमार चौधरी, श्री वुद्रसेन चौधरी आफै र निवेदकहरुका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री सतिश कृष्ण खरेल, श्री नृसिंह कुमार खत्री, श्री रमेश प्रसाद गुरागाई, श्री सालिग्राम सापकोटा, श्री विनोद कार्की, श्री सुरेन्द्र थापा, तथा विद्वान अधिवक्ताहरु डा. श्री भिमार्जुन आचार्य, श्री हर्क वहादुर रावल, श्री नागेश्वर प्रसाद चौधरी, श्री रविन्द्र तामाङ, श्री वद्रिराज भट्ट, श्री लिलाधर उपाध्याय, श्री टिका वहादुर कुँवर, श्री सिता भट्ट, श्री श्याम कुमार विश्वकर्मा, श्री मनोज कुमार चौधरी, श्री भूवन प्रसाद

सर्वोच्च अदालत
काठमाडौं

वाग्ले, श्री शुशिला चौधरी, श्री कमला रोका गिरी, श्री आर्या श्रेष्ठ, श्री सिताराम चौधरी, श्री रमेश कुमार के.सी., श्री ज्योत्स्ना खनाल, श्री रामानन्द चौधरी समेतले गर्नुभएको बहस सुनियो।

त्यसैगरी विपक्षी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेतको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता डा. श्री टेक वहादुर घिमिरे, विद्वान सहन्यायाधिवक्ताहरु श्री खेमराज ज्ञवाली, हरि प्रसाद जोशी, श्री सुर्यराज दहाल र श्री दिनेश प्रसाद घिमिरेले गर्नुभएको बहस सुनियो।

त्यसैगरी अन्य विपक्षीहरु मध्ये राष्ट्रिय वाणिज्य बैङ्क समेतको तर्फबाट विद्वान अधिवक्ता श्री बिष्णु प्रसाद कडेल, नेपाल राष्ट्र बैङ्कको तर्फबाट विद्वान अधिवक्ताहरु श्री हेमराज अधिकारी र श्री रामेश्वर भण्डारी, नेपाल बैङ्क लिमिटेडको तर्फबाट विद्वान अधिवक्ताहरु श्री विध्याकान्त अधिकारी, श्री यादव ढुङ्गाना र श्री विश्वनाथ दाहाल, नेपाल टेलिकमको तर्फबाट विद्वान अधिवक्ता श्री विष्णु प्रसाद पोखरेल, त्रिभुवन विश्वविद्यालयको तर्फबाट विद्वान अधिवक्ता श्री नारायण प्रसाद खनाल, नेपाल संस्कृत विश्वविद्यालयको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री अर्जुन प्रसाद कडेंल, नेपाली सेनाको तर्फबाट विद्वान अधिवक्ता श्री राजकुमार रंजित, कृषि विकास बैङ्कको तर्फबाट विद्वान अधिवक्ताहरु श्री कोशीमाया धमला लामिछाने र श्री निर्मलराज कोइराला, शसस्त्र प्रहरी बल नेपालको तर्फबाट विद्वान अधिवक्ता श्री युवराज अर्याल, प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशको तर्फबाट विद्वान अधिवक्ता श्री राजेन्द्र घिमिरे, मुख्यमन्त्रीको कार्यालय गण्डकी प्रदेश समेतको तर्फबाट विद्वान मुख्य न्यायाधिवक्ता श्री श्रीकान्त वराल, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.को तर्फबाट विद्वान अधिवक्ता श्री कल्याण पोखरेल, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको तर्फबाट विद्वान अधिवक्ता श्री सानुमैयाँ डङ्गोल, नेपाल विद्धुत प्राधिकरणको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइराला, विद्वान अधिवक्ताहरु श्री राजकुमार पोखरेल र श्री नरेश मैनाली, राष्ट्रिय परीक्षा वोर्डको तर्फबाट श्री विद्वान अधिवक्ता श्री सोमनाथ सापकोटा, कर्मचारी सञ्चयकोषको तर्फबाट विद्वान अधिवक्ताहरु श्री लक्ष्मी प्रसाद वाग्ले, श्री पवित्रा कुमारी थापा, श्री विनोद श्रेष्ठ तथा नागरिक उडयन प्राधिकरणको तर्फबाट विद्वान अधिवक्ताहरु श्री द्वारिका प्रसाद भट्टराई र श्री विमल खनालले गर्नुभएको बहस समेत सुनियो।

प्रस्तुत रिट निवेदनहरु लोकसेवा आयोग, प्रदेश लोकसेवा आयोग, शिक्षक सेवा आयोग, विभिन्न बैङ्कहरु, कानून बमोजिम स्थापित प्राधिकरण, कोष, वोर्ड, कम्पनी, विश्वविद्यालय, प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल समेतद्वारा विभिन्न श्रेणीको पदमा नियुक्तिको लागि गरिएको विज्ञापनसँग सबन्धित देखियो। नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांश, धारा ४२(१) ले "थारु" लाई एउटा अलग बर्गको रुपमा स्वीकार गरेको अवस्थामा लोकसेवा आयोग लगायतका विभिन्न विपक्षीहरुद्वारा विभिन्न मितिमा विज्ञापित पदहरुमा नियुक्तिको लागि दरखास्त आह्वान गर्दा थारु समुदायको लागि आरक्षणको व्यवस्था नगरिएको, सो नगरेबाट नेपालको संविधानको प्रस्तावना, धारा १६, धारा १८, धारा ४२ समेत द्वारा प्रत्याभूत राज्यका संरचनाहरुमा समानुपातिक समावेशिताको आधारमा

सहभागी हुन पाउने हकमा प्रतिकुल असर परेकोले उक्त विज्ञापनहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी, उक्त विज्ञापित पदहरुमा थारु समुदायको लागि आरक्षणको व्यवस्था गरी पुनः विज्ञापन गर्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने समेत माग देखियो।

विपक्षीहरुको लिखित जवाफ हेर्दा मुख्यरुपमा निवेदकहरु मध्ये कोही पनि दरखास्तवाला नभएको, रिक्त पदहरुमा विज्ञापन गरिंदा समावेशितालाई स्वीकार गरेरै विज्ञापन गरिएको, थारु समुदायले खुलाको अतिरिक्त आदिवासी जनजाती र मधेशी समुह अन्तर्गत आरक्षित पदहरुमा दरखास्त दिन पाउने अवस्था रहेको, संविधानले “थारु” लाई छुट्टै समुहको रुपमा स्वीकार गरेपनि सेवा सम्बन्धी कानूनमा सो वारेमा स्पष्ट व्यवस्था नगरिएसम्म थारुलाई अलग्गै समुदायको रुपमा आरक्षण गर्न नसकिने भन्ने जिकिर लिइएको पाइयो। निवेदक र विपक्षीहरु तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र अधिवक्ता तथा विद्वान नायव महान्यायाधिवक्ता समेतको समूहले यिनै जिकिरहरुको सेरोफेरोमा बहस प्रस्तुत गर्नुभयो।

निवेदकहरुले नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत सार्वजनिक सरोकारको विषय भनी प्रस्तुत रिट निवेदनहरु दर्ता गरेको पाइन्छ। अधिकांश रिट निवेदनहरु थारु कल्याणकारीणी सभाको तर्फबाट दर्ता गरिएको छ भने जहाँ सो गरिएको छैन सो मा पनि निवेदकहरु थारु समुदायका व्यक्तिहरु नै देखिनुहुन्छ। त्यसैले रिट निवेदनमा उठाइएको विषयमा निवेदकहरुको तात्विक सरोकार र अर्थपूर्ण सम्बन्ध रहने देखिँदा यी रिट निवेदनहरुलाई नेपालको संविधान अन्तर्गत सार्वजनिक सरोकारको विवादको रुपमा स्वीकार गर्न कुनै आपत्ति हुने देखिएन। त्यसैले नेपालको संविधानले अंगिकार गरेका समानता, समान संरक्षण, विभेदहिनता, सकारात्मक विभेद र समानुपातिक समावेशिता सम्बन्धी व्यवस्थाको प्रारुप, मुल तत्व र मान्यता समेतको सन्दर्भमा निवेदकहरुले उठाएको विषयलाई हेरिनु र सान्दर्भिक समस्त प्रश्नहरुमा आवश्यक र उचित आदेश दिइनु आवश्यक हुन आयो।

नेपालको संविधानले समाजमा विध्यमान सबै प्रकारका विभेद र उत्पिडनको अन्त्य तथा समानता, सामाजिक न्याय, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामुलक समाजको निर्माण गर्ने र यही माध्यमबाट विकास र समृद्धिको आकंक्षा पुरा गर्ने संकल्प गरेको कुरा स्पष्ट नै छ। सोही संवैधानिक संकल्प एवं परिलक्ष्यको कार्यान्वयन गर्ने सन्दर्भमा संविधानले समानता, विभेदहिनता र सकारात्मक विभेदका व्यवस्थाहरु गरेको छ। लोकतन्त्रको यात्रा मुलतः समानता, समता र सहभागिताको यात्रा हुँदा यसको संविधानसम्मत भाष्य निर्माण गरिनु अहिलेको अपरिहार्यता हो।

नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक व्यवस्थाले सामाजिक, सांस्कृतिक र आर्थिक रुपले पछाडि परेका थारु लगायत विभिन्न वर्गको संरक्षण, शसक्तिकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने, त्यसैगरी संविधानको धारा ४२ को उपधारा (१) ले सामाजिक रुपले पछाडि परेका र आर्थिक रुपमा विपन्न वर्गहरुलाई समेत समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। धारा १८ र धारा ४२

समेतका व्यवस्थाको भावभूमि, अन्तरसम्बन्ध, तिनले पक्रेको सामाजिक रुपान्तरणको मार्गचित्र, अन्तर्राष्ट्रिय मानव अधिकार र तुलनात्मक विधिशास्त्रबाट प्राप्त हुने सन्देश समेतको सन्दर्भमा संविधानद्वारा प्रत्याभूत सकारात्मक विभेद र सारभूत समानताको हकको प्रचलनको समेतको विषयमा हामी दुवै जना संलग्न संयुक्त इजलासद्वारा *विनय कुमार पञ्जियार* समेतको रिट निवेदनमा विस्तृतरुपमा विवेचना भैसकेको छ[1]। यो आदेशको पूर्णपाठ तयार गरिँदा यस विषयमा थप प्रकाश पारिने छ।

सकारात्मक विभेदको व्यवस्था नेपालको संवैधानिक कानूनमा नेपाल अधिराज्यको संविधान, २०४७ मार्फत स्पष्टरुपमा प्रवेश गरेको हो। उक्त संविधानको धारा ११(३) ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षणको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको र सो भन्दा अघि बढेर नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३)ले त्यसरी कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने वर्गको पहिचान समेत गरेको देखिन्छ भने वर्तमान संविधानको धारा १८(३) को प्रतिवन्धात्मक व्यवस्थामा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, आर्थिकरुपले विपन्न वर्ग समेतको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख गरेको अवस्था छ। धारा ४२(१) सामाजिकरुपले पछाडि परेका वर्गलाई समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था पनि गरिएको छ। समानुपातिक समावेशिता वर्तमान संविधानले अङ्गिकार गरेको संवैधानिक दुरदृष्टि (Constitutional vision) हो। धारा १८(३) र धारा ४२(१) को साझा उद्देश्य समाजमा विद्यमान विभेदको अन्त्य गर्दै पिछडिएका जनताको हितमा विभिन्न किसिमका सकारात्मक पहल गर्ने हो। रोजगारीमा सकारात्मक विभेद त्यसको एउटा आयाम हो। रोजगारीमा आरक्षणको विषयमा धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांशको अतिरिक्त धारा ४२(२)(३) र (५) समेतमा व्यवस्था गरिएको छ। संक्षेपमा नेपालको अन्तरिम संविधान, २०६३ ले कानूनी व्यवस्था मार्फत सकारात्मक विभेदको जुन व्यवस्था गरी कानून मार्फत आरक्षण पाउने वर्ग समेत पहिचान गरेको थियो त्यसलाई वर्तमान संविधानको धारा १८ र ४२ ले परिमार्जन, विस्तितिकरण र विविधिकरण गरेको अवस्था छ। यहि क्रममा वर्तमान संविधानले थारु समुदायलाई समेत एउटा छुट्टै र स्वतन्त्र वर्गको रुपमा पहिचान गरेको देखिन्छ।

सकारात्मक विभेदको व्यवस्था नेपाल अधिराज्यको संविधानमा राखिए देखि नै शिक्षा र रोजगारीका विषयमा विभिन्न रिट निवेदनहरु दर्ता भएकोमा यस अदालतले विभिन्न रिट निवेदनहरु मार्फत विभिन्न आदेशहरु जारी गरेको छ। यी विभिन्न आदेशहरु मध्ये शिक्षामा आरक्षणको विषयसँग सबन्धित रिटहरुमा भएका आदेशहरुवारे माथि उल्लिखित *विनय पञ्जियार*को रिटमा समीक्षा गरिएको छ भने रोजगारीमा

---

[1] विनय कुमार पञ्जियार विरुद्ध चिकित्सा शिक्षा आयोग समेत ने.का.प. २०७८ नि.नं. १०७५६ पृ १४७९

आरक्षणको विषयमा पनि केहि निर्णयहरु भएका छन्[२]। थारु समुदायको रोजगारीको हकको विषयमा *शान्ति कुमारी मोदी*को रिट निवेदनमा[३] नेपालको संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश, त्यसैगरी धारा ४२(१), निजामती सेवा ऐन, २०४९ को दफा ७ लगायत स्वास्थ्य सेवा, शिक्षक सेवा, सेना, बैङ्क, संस्थान, प्राधिकरण समेतमा आरक्षणको विषयमा गरिएका व्यवस्थाहरु वारेमा जानकारी लिदै यस अदालतले *"थारु समुदायलाई समावेशिताको आधारमा आरक्षण गर्नु नपर्ने आधार, कारण दिन नसकेको अवस्था समेत लिखित जवाफबाट नदेखिँदा निवेदन दावीलाई स्वीकार गरेको देखिन्छ। संविधानमा उल्लिखित व्यवस्थाहरुलाई कार्यान्वियनमा ल्याउनको लागि प्रचलित ऐन नियममा आवश्यक संशोधन गर्ने वा नयाँ कानून वनाउने दायित्व र जिम्मेवारी नेपाल सरकार (मन्त्रिपरिषद)को हुन्छ। नेपाल सरकारले सो को लागि कानून संशोधन समेत गर्नुपर्ने वा आवश्यकतानुसार नयाँ कानूनको निर्माण गरी राज्यका सबै निकायमा रिक्त हुने पदहरुमा भर्ना, नियुक्ति र परीक्षा सञ्चालनमा थारु समुदायको समानुपातिक समावेशी गराउने प्रावधानको व्यवस्था सरकारले गर्नुपर्ने दायित्व एवं कर्तव्यबाट उम्कन मिल्दैन। मौलिक अधिकारको व्यवस्था गरिसकेपछि त्यसको कार्यान्वियन एवं सुनिश्चितता हुनुपर्छ। संविधानमा लेखेर मात्र हुदैन, व्यवहारिकरुपमा पाउनुपर्छ। कार्यान्वियन गर्ने क्रममा राज्यले उदासिनता देखाउन मिल्दैन"* भन्ने दृष्टिकोण राखी आदेश गरेको हो। तर मिति २०७४।०७।१५ मा निर्णय भएर पनि हालसम्म आरक्षणको लागि आवश्यक कानून वन्न सकेको पाइदैन। संविधानमा प्रत्याभूत हकहरु तत्काल कार्यान्वयन गर्नु राज्यको दायित्व हुँदा हुँदै पनि वर्षौंसम्म संविधानको व्यवस्थाहरुको उल्लिखित शव्द, मर्म र भावना अनुकुल कार्यान्वयन हुन नसकेको अवस्था समेत हुँदा रिट निवेदनमा उठाइएको विषयलाई थप गम्भीरतापूर्वक लिई न्याय निरुपण गर्नु आवश्यक हुन आएको छ।

रोजगारीमा आरक्षणको विषयमा मुख्यरुपमा निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा निजामति सेवालाई समावेशी वनाउने खुल्ला प्रतियोगिताद्वारा पुर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्ट्याई सो प्रतिसतलाई सत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराइने छ भन्ने व्यवस्था गरी त्यसमा महिलाको लागि ३३ प्रतिशत; आदिवासी /जनजातिको लागि २७ प्रतिशत, मधेशीको लागि २२ प्रतिशत, दलितको लागि ९ प्रतिशत, अपाङ्गको लागि ५ प्रतिशत र पिछडिएको क्षेत्रको लागि ४ प्रतिशत पदहरु छुट्याई प्रतिस्पर्धा गरिने कुरा उल्लेख भएको छ। २०६३ सालमा अन्तरिम संविधान जारी गरिएपछि निजामति सेवा ऐनमा प्रवेश गराइएको आरक्षणको यो व्यवस्थाले कायम गरेको योजना स्किम (Scheme) वा डिजाइनलाई यहाँ विपक्षी वनाइएका बैङ्क, प्राधिकरण, वोर्ड,

[२] राधिका गिरी विरुद्व लोक सेवा आयोग समेत ने.का.प. २०६७ नि. नं. ८५२७ पृ. २१२०; निलम कुमारी यादव विरुद्व नेपाल बैङ्क लिमिटेड समेत ने.का.प. २०६८ नि.नं. ८६९८ पृ. १६९०

[३] शान्ति कुमारी मोदी विरुद्व प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय २०७३-WO-०२७३ निर्णय मिति २०७४।०७।१५

सेना, प्रहरी, विश्वविद्यालय लगायतका कानूनद्वारा संस्थापित निकायहरुले पनि स्वीकार गर्दै अनुसरण गरेको देखियो। संविधानद्वारा प्रत्याभूत समानता, समान संरक्षण र सकारात्मक विभेदको अवधारणाबारे सन्तुलित दृष्टिकोण अपनाउदै निजामति सेवा ऐन र अन्य ऐन, नियम, विनियमहरुले गरेको आरक्षणको यो योजना विगत १५ वर्ष स्थिररुपमा कार्यान्वयनमा रहेको छ र त्यसमा निवेदकहरुले आपत्ति जनाएको पनि देखिँदैन। तर यो व्यवस्था नेपालको अन्तरिम संविधान भन्दा अघि बढेर वर्तमान संविधानद्वारा पहिचान गरिएका सबै समुहहरु (Clusters) लाई समेट्न नसकेको अवस्था हुँदा संविधानले आफूहरुलाई स्वतन्त्र समुहको रुपमा पहिचान गरेपछि आरक्षणको सो योजना अन्तर्गत आफ्नो समुदायलाई अलग्गै आरक्षणको व्यवस्था गरिनुपर्छ भन्ने नै प्रस्तुत रिट निवेदनहरुमा निवेदकको मुख्य माग रहेको छ।

नेपालको संविधानले शिक्षा तथा रोजगारीको लागि सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले पिछडिएका वर्ग भनी पहिचान गरिएका वर्गको लागि समेत शिक्षा रोजगारीमा कानूनद्वारा विशेष व्यवस्था गरिनुपर्ने भनी उल्लेख गरेको छ भने सो बारेमा कानून बन्दा ती सबै बर्ग र समुहलाई समेटिनुपर्छ। आरक्षण कानूनद्वारा गरिने ब्यवस्था हुँदा वर्तमान संविधानको व्यवस्थाको रोहमा सबन्धित कानूनको तत्काल पुनरावलोकन गरिनु आवश्यक हुन्छ। *शान्ति कुमारी मोदि*को रिट निवेदनमा यस अदालतले निर्देश गरेको पनि यहि नै हो। तर २०७४।०७।१५ मा यस अदालतले आदेश दिए पश्चात यतिका समय बितिसक्दा पनि निजामति सेवा ऐन, अन्य ऐन, नियम, र विनियमका आरक्षण सम्बन्धी व्यवस्थाहरुमा वर्तमान संविधान बमोजिम पुनरावलोकन र परिमार्जन हुन सकेको पाइएन।

प्रस्तुत रिट निवेदनमा थारु समुदायको सन्दर्भ हुँदा सो दृष्टिबाट हेर्दा थारु समुदायलाई अलग्गै समुदायको रुपमा पहिचान गरिएपछि यो समुहले मधेशी वा आदिवासी।जनजाती समुहबाट निवेदन दिन पाउँछ भन्ने विपक्षीहरुद्वारा लिइएको तर्क संविधानको व्यवस्थाको रोहमा मिल्ने देखिंदैन। यहाँ थारु समुदायको कुरा उठे पनि वर्तमान संविधानले पहिचान गरेका सबै वर्ग र समुहको हकमा यो कुरा उठ्ने कुरा स्वभाविक हुँदा सबै समुहको हकमा एकैपटक सम्वोधन गरिनु वान्छनीय हुने देखिन्छ[४]। सार्वजनिक सरोकारको निवेदनमा निर्णय गर्ने सन्दर्भमा अदालतले यस विषयमा उपयुक्त आदेश दिन सक्ने नै हुन्छ। आरक्षणको व्यवस्था समानता, समान संरक्षण विभेदहिनता र सहभागिता र समान फाइदा समेतका सिद्धान्तहरुबाट अनुप्राणित रहनुपर्छ। त्यसका निम्ति जनसांख्यिक अवस्थाको साथ साथै सामाजिक, सांस्कृतिक, आर्थिक पछौटेपनबाट यो व्यवस्था सुसुचित रहनुपर्ने हुँदा आरक्षणको लागि छुट्ट्याएको ४५ प्रतिशतलाई आधार मान्दै त्यसलाई १०० प्रतिशत वनाई सो व्यवस्थामा वर्तमान संविधानले पहिचान गरेका सामाजिक, सांस्कृतिक र आर्थिक रुपले पिछडिएको कुन वर्ग र समुहको लागि के कति प्रतिशतको दरले

[४] यस्ता पहिचान भएका समुहले यस आफ्नो हक रक्षाको लागि यस अदालतको ढोका घचघच्याउने क्रम शुरु भइसकेको छ। हेर्नुहोस, इस्लामिक सास्कृतिक केन्द्रको तर्फबाट आशिक अलि विरुद्ध नेपाली सेना समेत (०७८-WO-१२४६) को यस अदालतमा विचाराधिन रिट

आरक्षण गरिनुपर्ने हो भन्ने विषयमा यकिन गरी संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश तथा धारा ४२ मा उल्लेख भएका वर्गको लागि आरक्षणको व्यवस्था तत्काल गरिनु अपरिहार्य र अनिवार्य देखिन्छ। सो गर्दा आरक्षणको लक्ष्य, प्राप्त गर्न खोजेको उपलव्धी, समयावधि, अनुगमन र पुनरावलोकनको विषयमा समेत स्पष्ट दृष्टिकोण निर्माण गरी, विभिन्न कारणबाट वास्तविकरुपमा पछाडि परेका नागरिकहरुको जीवनको वास्तविक भोगाईलाई जानकारीमा लिई, बञ्चितिकरणको प्रकृति र यथार्थ अवस्था समेतलाई व्यक्तिगत तहमा समेत परख हुने व्यवस्था गर्दै निश्चित मानकको आधारमा जुन वर्ग र व्यक्तिको लागि आवश्यक हो त्यसमा पुग्ने र आरक्षित वर्गमा परेर पनि व्यक्तिगत र पारिवारिक उन्नति गरिसकेका र आरक्षणको सुविधा नचाहिने देखिएका व्यक्तिहरु बाहेक गर्न सकिने यथार्थपरक व्यवस्था र प्रवन्ध गरी तत्काल अधिकारमा समान पहुँच र उपभोगमा समानता कायम गरिनु समतामूलक समाज निर्माण गर्ने संविधानको परिलक्ष्य अनुरुप हुने हुँदा व्यवस्थापिकाबाट कानून निर्माण गरिँदा सो बारेमा उपयुक्त मानक बनाउन सक्ने नै हुन्छ।

वर्तमान संविधानले मौलिक हकको रुपमा स्वीकार गरिसकेको यो व्यवस्थाको कार्यान्वयन गर्न संविधान को धारा ४७ ले तीन वर्ष भित्र कानूनी व्यवस्था गरिसक्नुपर्ने कुराको निर्देश मात्र नगरी यसलाई पनि हककै रुपमा स्वीकार गरेको अवस्था र सो विषयमा कानून निर्माण गर्नुभन्ने यस अदालतबाट निर्देश भएको समेत यतिका वर्ष वितिसक्दा पनि हालसम्म सो व्यवस्था हुन नसकेको पाइएकोबाट यस बारेमा अव धेरै कुर्ने, अलमल गर्ने कुरा संविधानको व्यवस्थाहरुको रोहमा स्वीकारयोग्य हुने देखिएन। बहसको क्रममा सरकारको तर्फबाट उपस्थित नायव महान्यायाधिवक्ताले सरकारले यो विषयलाई प्राथमिकतामा राखेको र संघीय निजामति सेवा ऐन संसदको यसै अधिवेशनमा पेश गर्ने योजनामा रहेकोबारे इजलासलाई जानकारी गराउनुभयो। यो कुरालाई सकारात्मक रुपमा लिंदा लिदै पनि मौलिक अधिकारको रुपमा प्रत्याभूत व्यवस्थाको कार्यान्वयनको लागि संविधानले नै तीनवर्ष तोकेको अवस्थामा यो विषयमा अन्य कुनै कारणले विलम्व गरिने कुरा स्वीकारयोग्य हुन सक्दैन। तसर्थ आरक्षणको व्यवस्थाको कार्यान्वयन कानून मार्फत गरिनुपर्ने हुँदा संघीय निजामति सेवा ऐन तथा अन्य ऐन, नियम, विनियम समेतका कानूनी व्यवस्थाको निर्माण लगायत आवश्यक सबै प्रवन्ध मिलाउने कार्य यो आदेशको पूर्णपाठ सहितको फैसला प्राप्त भएको ९ (नौ) महिना भित्र सम्पन्न गर्नू गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको छ।

निवेदनमा हाल गरिएका विज्ञापनहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी थारु समुदायलाई समेत संलग्न गरी पुनः विज्ञापन गर्नु भन्ने परमादेश जारी गरिपाँऊ भन्ने समेत माग रहेको सन्दर्भमा हेर्दा, निवेदकहरु मध्ये कोहि पनि विज्ञापित पदमा दरखास्त दिएका व्यक्ति नभई निजहरुले यो विषय सार्वजनिक सरोकारको विषय हो भनी निवेदन गरेबाट व्यक्तिगत रुपमा हक अधिकार हनन् भएको भन्ने विषय देखिएन। साथै कतिपय विज्ञापनहरुको हकमा लिखित परीक्षा तथा अन्तरवार्ताको कार्य सम्पन्न भई नियुक्ति समेत दिई

सकेको भन्ने उल्लेख भएको पाइयो। सेवा सम्बन्धी ऐन, नियम, विनियममा व्यवस्था नगरी आरक्षण सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्न नसकिने र सो व्यवस्था गर्दा रोजगारीको आरक्षणको लागि समाहित हुने कुन वर्ग र समुहको लागि कति प्रतिशत आरक्षण गर्ने, पछौटेपनको मापन र सहभागिताको आधार के हुने भन्ने कुरा कार्यपालिका तथा व्यवस्थापिकाले संविधानका व्यवस्थाहरुको रोहमा तय गर्नुपर्ने हुँदा केवल जनसाङ्ख्िक आधारमा अहिले नै थारु वा यो समूहको लागि यो यति प्रतिशतले पदहरु आरक्षण गर भन्न मिल्ने देखिदैन। साथै सरकार सञ्चालनको आवश्यकता र विज्ञापन रोकिदा त्यसमा पर्ने असर समेतलाई मध्यनजर गर्दा हाल गरिएका विज्ञापनहरु रोक्नु न्यायपुर्ण हुने पनि देखिएन। तर साथसाथै सरकार सञ्चालनको आवश्यकताको नाममा सधैं यस्तै तर्कहरु आइरहने र संविधानद्वारा प्रत्याभूत हकहरुको कार्यान्वयन नहुने अवस्थाको अन्त्य गरी समावेशी लोकतन्त्रको आधारमा सामाजिक तथा आर्थिक रुपान्तरणलाई प्रवर्दन तथा दीगो शान्ति, विकास र समृद्दिको संवैधानिक अभिष्टलाई कार्यान्वयन गर्नुपर्ने राज्यको दायित्वलाई समेत दृष्टिगत गर्दा कानून निर्माणको अभावमा प्रत्याभूत अधिकारको प्रचलन हुन नसकेबाट आरक्षणको लागि योग्य वर्गमा हुन गएको क्षतिको पूर्ति पनि हुनुपर्ने देखियो। तसर्थ माथि उल्लिखित अवधि भित्र आवश्यक कानूनी प्रवन्ध मिलाइएपछि सो कानूनी व्यवस्थाले थारु लगायत हालसम्म नसमेटिएका अन्य नयाँ आरक्षित वर्गको लागि जे जस्तो अनुपातमा आरक्षणको व्यवस्था गर्छ सो व्यवस्था लागु भएपश्चात कायम हुन आउने कुल पदहरुमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट यो आर्थिक वर्ष (अर्थात आर्थिक वर्ष २०७९।८० मा) आरक्षण नगरिएबाट वास्तविकरुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुने प्रवन्ध मिलाउनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सबन्धित मन्त्रालय एवं लोकसेवा आयोग, प्रदेश लोकसेवा आयोग, शिक्षा सेवा आयोग, विभिन्न बैङ्कहरु, कानून बमोजिम स्थापित प्राधिकरण, कोष, वोर्ड, कम्पनी, विश्वविद्यालय, प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल समेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशको पुर्णपाठ तयार हुन समय लाग्ने हुँदा यो संक्षिप्त आदेश जारी गरिएको छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनू।

न्यायाधीश                                                                                    न्यायाधीश

ईति सम्वत २०७९ साल माघ २४ गते रोज ३ शुभम..........................................